नेपाल सरकार
ऊर्जा मन्त्रालय

# प्रेस विज्ञप्ति

मिति: २०७३।०९।१४

ऊर्जा मन्त्रालय र नेपाल वाटर एण्ड ईनर्जी डेभलपमेन्ट कम्पनी प्रा. लि (NWEDCL) विच प्रारम्भिक हस्ताक्षर भएको माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता विद्युत ऐन, २०४९ को दफा ३५ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएकोले आज २०७३/०९/१४ गते ऊर्जा मन्त्रालयमा एक समारोह बीच नेपाल सरकारको तर्फवाट ऊर्जा मन्त्रालयका सहसचिव श्री दिनेश कुमार घिमिरे तथा NWEDCL को तर्फवाट श्री Bo Seukyi ले उक्त आयोजना विकास सम्झौतामा हस्ताक्षर गर्नु भएको छ । Boot Model मा विकास गर्ने हेतुले आयोजना विकास सम्झौता भएको यस आयोजनाको जडित क्षमता २१६ मेगावाट रहेको छ जसवाट वार्षिक १४६५ गिगावाट आवर विद्युत ऊर्जा उत्पादन हुने लक्ष्य रहेको छ ।सम्झौता बमोजिम उत्पादनको अनुमती पत्र प्राप्त गरेपश्चात् प्रवर्द्धकले आयोजना निर्माण तथा संचालनको लागि ३५ वर्षको अवधि प्राप्त गर्ने र सो अवधिपश्चात् आयोजना नि:शुल्क नेपाल सरकारको स्वामित्वमा आउने उक्त सम्झौतामा व्यवस्था गरिएको छ । सम्झौता भएको मितिवाट कम्पनीले २ वर्षभित्रमा वित्तीय व्यवस्थापन गर्नु पर्ने हुन्छ र आयोजनाको निर्माण अवधि ५ वर्षको रहेको छ । हस्ताक्षरित आयोजना विकास सम्झौतामा आयोजनाको अनुगमन; दुवै पक्षले गर्नु पर्ने कार्यहरु; पानीको प्रयोगको अनुमती; रोयल्टी तथा करहरु; विद्युत खरिद विक्रि सम्झौताको सिद्धान्त; नेपाली स्रोत साधनको प्रयोग; रोजगारी तथा शीप अभिवृद्धि; वातावरण तथा सामाजिक विकास; काबु वाहिरको परिस्थिति तथा जोखिम व्यवस्थापन लगायतका विषयहरु समेटिएको छ । साथै आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुले १०% सम्म शेयर लगानी गर्न पाउने व्यवस्था यस सम्झौतामा गरिएको छ ।प्रवर्द्धक कम्पनी NWEDCL ले Foreign Direct Investment मार्फत सम्पूर्ण लगानी विदेशी मुद्रामा गर्ने र उक्त कम्पनीको साझेदारहरुमा दक्षिण कोरियाको सरकारी स्वामित्वको संस्था Korea South East Co. Ltd (KOSEP) को ५२%, कोरियन कम्पनी Daelim Industrial Co. Ltd तथा Kyeryong Construction Co. Ltd को क्रमश १६% तथा १० % शेयर रहेको छ भने विश्व बैंक समुह अन्तर्गतको अन्तराष्ट्रिय वित्त संस्था (IFC) को १२% तथा स्थानीय लगानीकर्ताको १०% शेयर रहेको छ।यस आयोजना विकास सम्झौता कार्यान्वयन गर्दा नेपाल सरकारका विभिन्न निकायहरुले आ-आफ्नो दायित्व निर्वाह गर्नु पर्ने भएकोले कार्यान्वयनको सहजिकरणको लागि ऊर्जा मन्त्रीज्यूको संयोजकत्वमा एउटा उच्चस्तरीय समन्वय समिति पनि नेपाल सरकारले गठन गरेको छ ।

२०७३/९/१४

(दिनेश कुमार घिमिरे)
सहसचिव एवम् प्रवक्ता